## "छिटो छरितो न्याय¸ सबैका लागि न्याय"

# सेवाग्राहीको लागि जानकारी




**तनहूँ जिल्ला अदालत**

**दमौली¸ तनहूँ**

**फोन नं. ०६५-५६०१९५**

**E-Mail :**

**info.dctanahun@supremecourt.gov.np**


## भुमिका :

सार्वभौम जनता नै कानूनका निर्माता हुन् । जनप्रतिनिधिबाट निर्मित व्यवस्थापिका संसदले कानून बनाउँछ । कानूनको व्याख्या अदालत (न्यायपालिका) ले गर्ने गर्दछ । देशमा बसोबास गर्ने सबै बासिन्दाहरुको न्याय सम्पादन गर्ने स्वतन्त्र निकायको रुपमा अदालत रहेको हुन्छ । यो निकाय वास्तवमा भन्नु पर्दा वैयक्तिक हक तथा अधिकारको पहरेदार (Security Guard) हो। जनताको हक अधिकारको संरक्षण गर्ने पवित्र संस्था अदालत हो। नेपालमा ३ तहका अदालतहरु रहेका छन्। जसबाट न्याय सम्पादन गर्ने गरिन्छ।

(१) जिल्ला अदालत (२) उच्च अदालत (३) सर्वोच्च अदालत निर्दोष व्यक्तिले सजाय भोग्नु नपरोस्¸ न्याय नमरोस्¸ अन्याय सहन नपरोस्¸ भन्ने हेतुले ३ तहको अदालतको व्यवस्था गरी कानूनको व्याख्या गर्ने कानूनी ब्यवस्था संविधानले गरेको छ। अदालत समक्ष मर्का पर्ने पक्षले आफ्नो भनाई तथा प्रमाण अदालत समक्ष राख्न पाउँछ।

न्याय सम्पादनको क्रममा अदालतले आफ्नो कार्ययोजना बनाएको विभिन्न प्रक्रिया मार्फत कम खर्चिलो तथा न्याय छिटो-छरितो दिने कार्यमा अदालत प्रतिवद्ध छ। स्वतन्त्र न्यायपालिकाको मर्मप्रति यो संस्था प्रतिवद्ध छ।

## (१) यहाँहरु प्रति हाम्रो भनाई:-

अदालतमा मुद्दा परेपछि मुद्दामा विचौलियाको प्रभाव¸ पैसाको चलखेल¸ ढिलासुस्ती आदिका बारेमा यदाकदा सुनिने गरेको पाइन्छ । अदालतले फैसला गर्दा मुद्दाको तथ्य र प्रमाणलाई आधार मान्छ। एक तहको अदालतले कानून बमोजिम प्रमाण र तथ्यको मुल्याङ्कन गरी गरेको इन्साफमा चित्त नबुझे माथिल्लो अदालतमा पुनरावेदन गर्न पाउने कानूनी व्यवस्था रहेको हुँदा अदालतमा पैसाको चलखेलबाट नै मुद्दा जितिन्छ भन्ने भ्रममा नपर्नु होला। साथै भ्रष्ट्राचार लगायत अन्य गैरकानूनी कार्य गर्ने न्यायाधीश वा कर्मचारीउपर कानून बमोजिम उजुरी दिन सकिने निकाय रहेको अवस्था समेत छ । साथै अदालतको आफ्नो वार्षिक कार्ययोजना भएकोले छिटो-छरितो ढंगले इन्साफ दिने कार्य भइरहेको छ। छिटो-छरितो ढंगले यस अदालतले आफ्नो दैनिक काम कारबाहीहरु गरी आएको छ।

## (२) क्षेत्राधिकार:-

नेपालको संविधान¸ २०७२ को धारा १२६(१) अनुसार नेपालको न्यायसम्बन्धी अधिकार संविधान¸ अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने व्यवस्था छ। संविधानको धारा १२७ को उपधारा (१) ले नेपालमा सर्वोच्च अदालत¸ उच्च अदालत र जिल्ला अदालत गरी ३ तहका अदालत रहने तथा कानूनबमोजिम मुद्दा हेर्न स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवकश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिने व्यवस्था गरको छ। नेपालको संविधानको धारा १५१ को उपधारा (१) बमोजिम जिल्ला अदालतलाई संघीय कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकारक्षेत्र भित्रका सम्पूर्ण मुद्दाको शुरु कारबाही र किनारा गर्ने¸ बन्दीप्रत्यफीकरण¸ निषेधाज्ञा लगायत कानूनबमोजिमका निवेदन हेर्ने¸ अर्धन्यायिक निकायले गरेको निर्णय उपरको पुनरावेदन सुन्ने¸ प्रदेश कानूनबमोजिम गठित स्थानीयस्तरका न्यायिक निकाले गरेका निर्णय उपरको पुनरावेदन सुन्ने अधिकार रहेको छ । जिल्ला अदालतको अधिकार क्षेत्रलाई न्याय प्रशासन ऐन¸ २०७३ को दफा ७ ले समेत निर्देश गरेको छ।

## (३) अदालती शुल्क र दस्तुर:-

| | |
|---|---|
| **अदालती शुल्क र अन्य दस्तुर।** | |
| **फिराद वा प्रतिदाबीमा दाबी लिएको बिगोको आधारमा देहाय बमोजिमको अदालती शुल्क लाग्छ।** | |
| क) पहिलो रु.२५¸०००। सम्मको | रु. ५००।- |
| ख) रु. ५०¸०००। सम्म भए दोस्रो रु. २५¸०००। सम्मको | ५ % ले रु १२५०।- सम्म |
| ग) रु.१००¸०००।- सम्म भए तेस्रो रु.५०¸०००। सम्मको | ३.५% ले रु १७५०। सम्म |
| घ) रु. ५००¸०००। सम्म भए चौथो रु. ४¸००¸०००। सम्मको | २% ले रु. ८०००। सम्म |

| | |
|---|---|
| ङ) रु.२५,००,०००। सम्म भए पाँचौ रु. २०,००,०००। सम्मको | १.५% ले रु ३०,०००। सम्म |
| च) रु. २५,००,०००। भन्दा माथी जतिसुकै | १% |

**देहायका मुद्दामा रु. ५००। अदालती शुल्क लाग्छ।**

- जग्गाको दर्ता, नामसारी वा त्यस्तो दर्ता वा नामसारी बदर - रसिद तथा भरपाइको दाबी
- लिखत, भाखापत्र, जमानीपत्र, कबुलियत भरपाई आदी फट्टाको माग दाबी
- घर वा जग्गामा बसेकोलाई उठाई वा उठ्न नपर्ने माग दाबी
- बाँध, पैनी वा कुलो बनाउन वा त्यसबाट पानी ल्याउन दिएन वा रोलक्रम मिचि पानी लगाएको दाबी
- निकास, झ्याल वा ढोका खुला वा बन्द, झ्याल , ढोका वा कौशी राख्ने, थप्ने वा बन्द गर्ने माग दाबी।
- निषेधाज्ञा वा आदेशात्मक आदेश जारीको माग दाबी वा त्यस्तो आदेशको बदर
- कुनै व्यक्तिको पूर्ण सक्षमता, अर्ध सक्षमता वा असक्षमता निर्धारण - सम्बन्ध विच्छेद - नाता कायम
- कुनै व्यक्तिको मृत्यूको सम्बन्धमा न्यायिक घोषणाको माग वा न्यायिक घोषणा बदर वा सोको संशोधन सम्बन्धी माग दाबी - दामसाहीको कारबाही प्रारम्भ गर्ने वा नगर्ने माग दाबी - गुठी संञ्चालन नियुक्ति वा बदर
- संरक्षक नियुक्ति वा बदर - माथवरको नियुक्ति वा बदर - फलोपभोगको दाबी वा बदर

रु. १००० अदालती शुल्क लाग्ने मुद्दाहरु।

- अंश लाग्ने सम्पतिमा अंशको भाग यकिन गरी वा दिलाइ दिने माग दाबी भएकोमा
- लिखत वा कागज बदरको मागदाबी भएकोमा
- मूल्य वा विगो नखुलेका दफा ७० मा उल्लेख भए बाहेकका जुनसुकै मुद्दामा

माथि उल्लेखित बाहेक विगो नखुलेको अन्य कुनै करारका सम्बन्धमा भए रु. २५००।- अदालती शुल्क लिनुपर्छ।

अदालतमा दिइने निवेदनपत्रमा रु. १०।- दस्तुर लाग्छ।

फिरादपत्र दर्ता गर्दा फिराद दस्तुर रु. २००।- लाग्छ।

प्रतिउत्तर दर्ता गर्दा रु. २००।- दस्तुर लाग्छ।

## (४) यस अदालतबाट प्रदान गरिने सेवाहरु:-

१. कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो भौगोलिक क्षेत्र भित्रका सबै मुद्दा सुरु कारवाही र किनारा गर्ने
२. बन्दीप्रत्यक्षीकरणको निवेदन सुनुवाई गर्ने
३. निषेधाज्ञाको निवेदन सुनुवाई गर्ने
४. अर्धन्यायिक निकाय ( जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, न्यायिक समिति, वन कार्यालय, गुठी संस्थान आदि ) ले गरेको निर्णय उपरको पुनरावेदन सुन्ने
५. असक्षम एवं असहाय पक्षलाई वैतनिक कानून व्यवसायी उपलब्ध गराउने
६. फैसला कार्यान्वयन गर्ने
७. मेलमिलाप गराउने : दर्ता भएका र मिलापत्र हुनसक्ने मुद्दामा मेलमिलाप केन्द्रमा पठाई मेलमिलाप गराउने
७. दर्ताद्वारा विवाह गराउने (court marriage)
८. संरक्षक नियुक्त गर्ने
९. माथवर नियुक्त गर्ने
१०. धर्म पुत्र/ धर्म पुत्री राख्न अनुमति दिने
११. अधिकृत वारेसनामा प्रमाणित गर्ने
१२. मृत्युको न्यायिक घोषणा गर्ने
१३. दामासाहीको घोषणा गर्ने
१४. गुठीको सञ्चालक नियुक्त गर्ने
१५. परामर्श सेवा प्रदान गर्ने
१६. विशेष प्रकारका निवेदनका फारमहरु निशुल्क उपलब्ध गराउने आदी।

## (५) बन्द ईजलास :-

जासुसी, मानव विचेविखन तथा ओसार पसार, यौनजन्य कसुर, बालबालिका अभियुक्त वा पीडित भएको मुद्दा, महिला विरुद्धको हिंसा, जवर्जस्ती करणी, हाडनाता करणी वा अदालतले बन्द इजलासमा सुनुवाई गर्न उचित देखी आदेश गरेको अन्य मुद्दाको पुपर्क्ष बन्द इजलासमा हुने र त्यस्तो इजलासमा अदालतले त्यस्तो मुद्दासँग सम्बन्धित पक्ष, सम्बन्धित कानून व्यवसायी, अदालतका कर्मचारी र अदालतले आवश्यक देखेका अन्य व्यक्ति बाहेक अरुलाई प्रवेश निषेध गर्न सक्नेछ।

## (६) मेलमिलाप:-

अदालतमा दायर भएका मुद्दामा मेलमिलाप गर्न उपयुक्त देखिएमा तोकिएको मेलमिलपकर्ताहरुको सहजीकरणमा गरिने मिलापत्र नै मेलमिलाप हो मेलमिलापबाट दुवै पक्षको जीत जीतको अनुभूती हुन्छ।

## मेलमिलापबाट देहाय बमोजिमको फाईदा हुन्छ:

विवादको स्थायी समाधान हुन्छ, पक्षहरु बीच समझदारीको विकास हुन्छ, दुवै पक्षले फाईदा भएको अनुभूति गर्दछन्, समय, श्रम र पैसाको बचत हुन्छ, सामाजिक सद्भाव बढ्छ । भाइचाराको सम्बन्ध स्थापित हुन्छ । सामान्यतया मेलमिलाप सम्बन्धी प्रक्रिया गोप्य रहन्छ। मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा १६ मा भएको व्यवस्था अनुसार मिलापत्र गर्दा कुनै दस्तुर नलाग्ने, मिलापत्र भएमा पक्षले मुद्दा दायर गर्दा दाखिला गरेको कोर्ट फी वापतको रकम फिर्ता हुने, तल्लो अदालत वा अर्धन्यायिक निकायबाट कैद वा जरिवाना वा दुवै सजाय भएको अवस्थामा अदालतले अवस्था हेरी त्यस्तो कैद वा जरिवाना मिनाहा वा कम गर्न आदेश दिन सक्ने कानूनी व्यवस्था रहेको छ।

## (७) सूचना प्रविधिका सम्बन्धमा :-

यस अदालतले सूचना प्रविधिलाई उच्च प्राथमिकता दिएको छ। मुद्दाहरु पेशीमा चढेपछि के ? कस्तो ? गतिविधिमा छ। सोको बारेमा दैनिक रुपमा www.supremecourt.gov.np/tanahundc मा Login गरी नेपालबाट र बाहिरबाट समेत थाहा पाउन सकिन्छ। साथै सर्वोच्च अदालत एवम् उच्च अदालतहरुमा पुनरावेदन गरेका मुद्दामा यसै वा अन्य अदालतबाट अनलाइन तारेख लिन पाउने व्यवस्था पनि गरिएको छ तर यो सुविधा लिने पक्षले एकपटक सर्वोच्च अदालत एवम् सम्बन्धित उच्च अदालतमा उपस्थित भई फोटोसहितको फर्म भर्नु पर्ने हुन्छ।

## (८) वैतनिक कानून व्यवसायीको व्यवस्था :-

असहाय, अशक्त नाबालिग वा आर्थिक रुपा विपन्न रहेको एवम् थुनामा रहेको मुद्दाको पक्षको तर्फबाट नि:शुल्क रुपमा कानूनी सहायता उपलब्ध गराउनका लागि अदालतबाट वैतनिक कानून व्यावसायीको व्यवस्था गरिएको छ। साथै कारागारमा थुनामा वा कैदमा वसेका व्यक्तिहरुलाई महिनामा २ पटक अनिवार्य भेट गरी निजहरुको तर्फबाट पुनरावेदन लेखिदिने, वहश गरिदिने

लगायतका परामर्शका कार्यहरु नि:शुल्क रुपमा दिने गरिएको छ।

## (९) सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी:

यस अदालत सम्बन्धी सूचना दिन र गुनासो सुन्न स्रेस्तेदारलाई तोकिएको छ।

## (१०) न्यायाधीशसँग भेटघाट(Meet the Judge):

प्रत्येक महिनामा सेवाग्राहीहरु उपस्थित भएका बखत मुद्दाका पक्षले न्यायाधीशसाग संवाद गर्न पाउने व्यवस्था गरिएको छ । यसबाट अदालतको दैनिक कामकारबाहीमा ढीलासुस्ती/ अनियमितता भए आफ्ना कुरा राख्न सकिन्छ।

## (११) न्यायमा बाह्य पहुँच कार्यक्रम (Judicial outreach) (समुदायमा अदालत):-

न्याय प्रशासनको काम कारबाही र त्यसको कार्यविधि समेतका बारे आम समुदायलाई जानकारी गराउन समुदायको बीचमा गएर अदालतका न्यायाधीश तथा कर्मचारीहरुले वर्षको ४ पटक न्यायमा बाह्य पहुँचको कार्यक्रम गर्दै आएको छ। उक्त कार्यक्रममा सहभागीहरुले अदालतबाट हुने काम कारबाही एवम् छिटो छरितो न्याय प्रवाहका सम्बन्धमा आफ्ना जिज्ञासाहरु राख्न सक्नेछन्।

## (१२) अदालत प्रयोगकर्ताबाट अदालतले राखेका अपेक्षाहरु:-

- अदालत प्रवेश गर्दा आफ्नो परिचय खुल्ने नागरिकताको प्रमाणपत्र वा आधिकारिक परिचयपत्र वा तारेख पर्चा वा अन्य कुनै पहिचान खुल्ने प्रमाण लिई आउनु हुनेछ।
- अदालत प्रवेश गर्दा सुरक्षा जाँच गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुनेछ।
- हातहतियार तथा निषेधित सामान लिएर अदालत प्रवेश गर्नु हुने छैन।
- मादक पदार्थ सेवन गरी अदालतमा प्रवेश गर्नुहुने छैन।
- सही र सत्य कुराको आधारमा उजुर गर्नु हुनेछ।
- आफ्ना गुनासोहरु शिष्ट रुपमा प्रस्तुत गर्नु हुनेछ।
- अदालतका कर्मचारी आफ्ना विपक्षी, कानून व्यवसायीसँग सभ्य, शिष्ट र नम्र व्यवहार गर्नु हुनेछ।
- मुद्दाको सुनुवाईको क्रममा कानूनद्वारा तोकिएको निश्चित कार्यविधि पूरा गर्ने, सबुद प्रमाण पेस गर्ने र अदालतको आदेश पालना गर्ने दायित्त्व निर्वाह गर्नु हुनेछ।
- इजलास भित्र रहँदा जथाभावी होहल्ला, गफगाफ, हिड्डुल नगरी तथा मोवाइल फोन बन्द गरी इजलासको मर्यादा कायम राख्न सहयोग गर्नु हुनेछ।
- छिटो छरितो न्याय सम्पादन गर्नका लागी सहयोग पुऱ्याउनु हुनेछ।
- अदालतबाट भएको फैसला वा आदेशको सम्मान र पालना गर्नु हुनेछ।
- अदालत परिसरमा धुम्रपान गर्नुहुने छैन।
- कुनै गुनासो भएमा स्रेस्तेदार समक्ष राख्नु हुनेछ।
- अदालत सम्बन्धि कुनै कुराको जानकारी चाहिएमा सोधपुछ कक्षमा सोध्न सक्नुहुनेछ।

## (१३) नयाँ संहिताका बारेमा:-

मुलुकी ऐन लगायतका केही ऐनलाई विस्थापित गरी २०७५ भदौ १ गतेदेखी लागू हुने गरी मुलुकी देवानी (संहिता) ऐन, २०७४ लगायतका ५ वटा संहिताहरु लागु भई कार्यान्वयनमा आएका छन्। उक्त संहिताहरुका केही विशेषताहरु देहाय बमोजिम छन्:

- फौजदारी मुद्दामा बहुविवाह गर्न नहुने, गरे बदर हुने र ५ वर्षसम्म कैद पनि हुनसक्ने, विवाह गर्न पाउने उमेरको हद न्यूनतम २० वर्ष तोकिएको।
- ३ वर्ष कैद वा ३०,०००।- बढी सजाय हुने कसुरको कसुरदारलाई सजाय निर्धारण गर्दा छुट्टै सुनुवाई गर्नुपर्ने।
- सजाय निर्धारण गर्दा सजाय घटी वा बढी हुने आधार तोकिएको।
- सामान्यतया व्यक्ति पक्राउ गर्नु पुर्व अदालतको अनुमति लिनु पर्ने।
- पुनरावेदन तहको मुद्दामा तारेखमा नवसि पनि कारबाही हुने।
- करारमा उल्लेख भए बाहेक रु.५०,०००।- भन्दा बढीको घरायसी लिखत गर्दा स्थानिय निकायको वडा समितिमा दर्ता गरी प्रमाणित गर्नुपर्ने।
- १० वर्षसम्मको नावालकले जुनसुकै बालविज्याई गरेमा सजाय नहुने।
- क्रुर यातना दिई वा निर्ममतापुर्वक ज्यान मारेको, जबरजस्ती करणी गरी ज्यान मारेको लगायतका केही मुद्दाहरुमा अदालतबाट कसुरदार प्रमाणित भएमा आजिवन कारावास बस्नु पर्ने । अन्य अवस्थामा जन्मकैदको गणना २५ वर्षको हुने। आदी

***यसका साथै केही थप कुरा बुझ्न परेमा ०६५-५६०१९५ मा टेलिफोन गर्नुहुन अनुरोध छ।***

***....धन्यवाद---***

***तनहुँ जिल्ला अदालत***